CIUD
एकीकृत शहरी विकास केन्द्र

शहर १

# जानकारी पत्र

वर्ष १, अंक १ कार्त्तिक २०६२ October 2005

## टिगनी परिचय

मध्यपुर थिमि नगरपालिकामा १७ वटा वडा र ६,०५३ घरहरु छन्। २०५७/५८ को जनगणना अनुसार हरेक वर्ष यहाँको जनसंख्या बृद्धिदर ४.०१% रहेको छ[1]। बोडे र प्रसिद्ध नीलबाराही मन्दिरको नजिकैको ठाउँ टिगनी, मध्यपुर थिमि नगरपालिकाको वडा नं ३ मा अवस्थित छ। यस क्षेत्रका बासिन्दाहरुको पुर्खौली पेशा चिउरा कुट्ने हो। यहाँ उत्पादन हुने चिउरा देशभरी प्रख्यात छ र यो "टिगन बजी"अर्थात टिगनीको चिउरा भनेर प्रसिद्ध मानिन्थ्यो। धेरैजसो राजबाहक थरले भरिएको यो ठाउँमा १४६ घरधुरीहरु छन्। यहाँको शिक्षाको स्थिति त्यति राम्रो छैन। धेरैजसो बच्चाहरु विद्यालय गएतापनि माध्यमिक स्तरमा पुग्दा नपुग्दै विद्यालय छोड्ने प्रबृत्ति छ र थोरैमात्र उच्च शिक्षाका लागि विश्वविद्यालय गएको पाइन्छ। यस ठाउँको नजिकै एउटा मात्र प्राथमिक विद्यालय छ त्यसैले राम्रो शिक्षा हासिल गर्न विद्यार्थीहरु टाढासम्म पुग्नुपर्ने स्थिति छ। यहाँका मानिसहरुको आर्थिक अवस्था निकै कमजोर छ। प्राय मानिसहरु आंशिक खेती र बढी ज्याला मजदुरी र गैर कृषि कार्यहरु गर्छन्। धेरै जसो घरहरु पुराना र कच्ची ईंटाले बनेकाछन्। हरेक नेपाली समाज जस्तै यो ठाउँ पनि पुरुष प्रधान छ र जीवनको हरेक पाइलामा महिला पछि परेको भेटिन्छ। यस ठाउँमा स्वास्थ्य सुविधाका लागि सानोतिनो प्राथमिक उपचार केन्द्र पनि उपलब्ध छैन।




टिगनीको नक्सा

## सामाजिक तथा आर्थिक तथ्यहरु

टिगनी क्षेत्रभित्र करिब १४६ घरधुरीहरु छन् र यहाँको कुल ८०९ जनसंख्या मध्ये ४२० पुरुषहरु र ३८९ महिलाहरु छन्। कृषि नै मुख्य पेशा मान्ने यहाँका बासिन्दाहरुको आफ्नै जग्गा भने थोरै मात्र छ। कतिपयले शहरीकरण सँग सँगै बढ्दो मुल्यमा आफ्नो जग्गा बेचेका छन् र तिनीहरु अरुको जग्गामा काम गर्छन्। चिउरा कुट्ने पुस्तौनी पेशा चिउरा कुट्ने मेसिनको आयात पछि बजारबाट बिस्थापित हुँदा ओखलको चिउरा बुढापाकाको सम्भनामा सिमित भएको छ। मेसिनमा लगानी गर्ने क्षमता नभएका

### यस भित्र

२ पानी तथा सरसफाईको अवस्था, हाम्रो भनाइ
३ जनचेतना मुलक सरसफाई कार्यक्रम, अनुभव आदान प्रदानको लागि स्थलगत भ्रमण
४ के तपाईलाई थाहा छ ?

गुसिंगाल, सानेपा, ललितपुर
पो.ब. नं ५१३४, काठमाडौं, नेपाल
फोन नं: ५५२८२२६
ई.मेल : ciud@mail.com.np
www.ciud.org.np

१ श्रोत: Population Census 2001, CBS

यिनीहरु यस पेशाबाट बिस्थापित भई अन्य बैकल्पिक कामहरुमा सरेका छन् । काठमाडौंको बजारमा पाइने भुटेको चना, केराउ आदि केही हदसम्म यहिंको उत्पादन हो । त्यस्तै गलैंचा बुन्ने, ज्याला मजदुरी गर्ने र कतिपय मानिसहरु प्लम्बिङ, वायरिङ जस्ता शहरी पेशामा लागेका छन् । आफ्नो सानो बारी बाहेक धेरै महिला तथा पुरुषहरु तरकारी मुट्ठा पारी बेच्ने व्यवसायमा व्यस्त भेटिन्छन् । सरकारी जागिरेको संख्या ज्यादै न्युन मात्रामा रहेको छ । समग्रतामा एउटा दरो आर्थिक आधारको खाचो यस बस्तीले गरेको छ ।



सुधारको पर्खाइमा टिगनी

## हाम्रो भनाइ

*शहरीकरण यस यूगको एक अनिवार्य वास्तविकता हो । ग्रामिणमूखी बिकास नीति भएको हाम्रो देशमा गाउँको विकास मात्र हुन नसकेको होइन शहरहरु समेत पूर्वाधार र व्यवस्थापनको अभावमा अस्तव्यस्त बन्दै गइरहेको छ । अझ साना शहरहरु र शहरोन्मुख बस्तीहरु यता न उताको अवस्थाबाट गुज्रिरहेको छ । तसर्थ नेपालको शहरी विकासको कार्य यी बस्तीहरुलाई समयमा नै व्यवस्थित नगरी सम्भव छैन । यसकारण एकीकृत शहरी विकास केन्द्रले आफ्ना गतिविधिहरुमा यी बस्तीहरुको एकीकृत विकासलाई आफ्नो प्राथमिकतामा राखेको छ । यही क्रममा मध्यपुर थिमि नगरपालिकाको टिगनीका बासिन्दाहरुसंग मिलेर केन्द्र यहाँको विकास निर्माणको काममा सहभागी भएको छ । नगरपालिकाको सहमती तथा साझेदारी र स्थानीय बासिन्दाहरुको पूर्ण सहभागितामा हाल खानेपानी र सरसफाईको कार्यमा केन्द्र कार्यरत छ । विकासको कार्यलाई एकांकी भन्दा समन्वयात्मक ढंगले अगाडि बढाउनु पर्छ भन्ने विश्वासमा यस केन्द्रले वाटर एड नेपाल, वर्ल्ड भिजन, युएन ह्याबिट्याट, युडिएलई लगायतका संस्थाहरुसंग सरसल्लाह र सहकार्य गर्दै टिगनीको विकासमा सहजकर्ताको भूमिका निर्वाह गरिरहेको छ । पानी र सरसफाईबाट शुरु गरिएको यो कार्य समष्टिगत सामाजिक विकासको लक्ष लिएर अघि बढेको छ । यस पुनित कार्यमा सहभागिता र सहयोगको लागि हामी सबैलाई आह्वान गर्दछौं ।*

# पानी तथा सरसफाईको अवस्था

आफ्नै आगनमा खानेपानीको रिजरभ्वायर भएको कारण टिगनीमा झट्ट हेर्दा पानीको समस्या त्यति ठूलो देखिंदैन । यहाँको रिजरभ्वायरबाट नेपाल खानेपानी संस्थानले थिमि भक्तपुर र काठमाडौंको पूर्वी भागमा पानीको आपूर्ति गर्दै आएको छ । यहाँका बासिन्दाहरुले प्रति दिन १-२ घण्टा पानी पाइरहेका छन् । तर पानीको वितरण रिजरभ्वायरमा भएको पानीमा भर पर्ने भएकोले यो पानीको श्रोत त्यति भरपर्दो मानिएको छैन । यस बाहेक अरु पानीका श्रोतहरु जस्तै- इनार, कुवा र ढुङ्गेधाराहरुले पनि पानीको आपूर्तिमा सहयोग पुऱ्याइरहेको छ । यी श्रोतहरु मध्ये यहाँका बासिन्दाहरुले स्वादका कारण पिउनको लागि कुवाको पानी नै बढी रुचाउँछन् । तर कुवाको पानीको गुणस्तर भने प्रश्न गर्न लायकको छ ।



गाः बुँगाःको जिर्ण अवस्था

एउटा सर्भेक्षण अनुसार १४६ वटा घरधुरीहरु मध्ये २४ वटा घरधुरीले नीजी धारा प्रयोग गर्छन्, ४ वटा घरधुरीले छिमेकीको धारा प्रयोग गर्छन्, ८५ वटा घरधुरीले सार्वजनिक धारा प्रयोग गर्छन्, ३ वटा घरधुरीले इनारको पानी प्रयोग गर्छन् भने ९९ घरधुरीले कुवाको पानी प्रयोग गर्छन् । टिगनीमा जम्मा ३ वटा कुवाहरु छन् त्यसमध्येको एउटा गाःबुँगाः निकै दयनीय अवस्थामा रहेको थियो । त्यसको वरपरको वातावरण मानिसहरुको दिसा, पिसाबले दुषित अवस्थामा रहेको थियो । त्यसै कारणले यस समुदायका मानिसहरुको निरन्तर अनुरोध अनुसार स्थानीय सहभागिता र वाटर एड संस्थाको आर्थिक सहयोगद्वारा एकीकृत शहरी विकास केन्द्रले त्यस कुवाको पुनः निर्माणका साथै वर परको वातावरण सफा गर्ने जमर्को गरेको छ । यस बाहेक



जनसहभागितामा पुनःनिर्माण पछिको गाःबुँगाः

समुदायसँग मिलेर एकीकृत शहरी विकास केन्द्रले अरु पानीका श्रोतहरु जस्तै ढुङ्गेधारा र सार्वजनिक धाराहरुको पनि मर्मत गरिरहेको छ ।

उचित ज्ञान र शिक्षाको कमिले टिगनी बासीहरु व्यक्तिगत सरसफाईमा निकै पछि परेका छन् भने वरपरको वातावरण सरसफाईको अवस्था पनि राम्रो छैन । यस कारण मानिसहरुले जताततै खुल्ला रुपमा दिसा गर्ने, पानीका श्रोतहरु दुषित पार्ने तथा फोहरमैलाको उचित व्यवस्थापन नगर्ने त स्वभाविक नै हुने भयो । यहाँका ११६ घरहरुमध्ये मात्र ६३ घरमा चर्पी छ भने बाँकी धेरैजसो घरमा चर्पीको सुविधा नै छैन । यहाँका बासिन्दाहरुका आर्थिक अवस्था कमजोर भएकोले यदि केही सहुलियत पाइएमा ७५ घरधुरीले सुधारिएको चर्पी बनाउने इच्छा जाहेर गरेको सर्भेक्षणले देखाउँछ । त्यसैगरी यो बस्ती उचाईमा रहेको हुँदा यहाँको फोहर पानीको राम्रो व्यवस्थापनमा ध्यान दिइएन भने यस क्षेत्र वरपर र मुनी रहेको अरु बस्तीहरुमा असर पर्ने देखिन्छ ।

## जनचेतना मुलक सरसफाई कार्यक्रम

'हाम्रो टोल हामी आफैं सफा गरौं' भन्ने नाराका साथ मिति २०६२/६/२१ गतेका दिन टिगनी सामुदायिक विकास समितिका अग्रसरतामा टिगनीमा जनचेतना मुलक सरसफाई अभियान आयोजना गरिएको थियो । उक्त सरसफाई अभियानमा स्थानीय बासिन्दाहरुको सक्रिय सहभागिता रहेको थियो । यस सरसफाई अभियानमा टिगनी समुदाय वरिपरिको बाटो, घर र विद्यालय वरिपरिको ठाउँका साथै ढल पनि सफा गरेको थियो । सरसफाई कार्यक्रमका लागि सामग्रीहरु जस्तै- कुचो, पन्जा, फोहर उठाउने ठेला र जेट मेसिन नगरपालिकाले उपलब्ध गराइदिएको थियो । त्यस दिन सरसफाई कार्यक्रमको अन्तिम समयसम्म पनि त्यहाँका सहभागीहरु उत्साहका साथ लागि परेका थिए । समग्र रुपले हेर्दा, उक्त कार्यक्रमबाट केही हदसम्म जनचेतना अभिबृद्धिमा टेवा पुगेको देखिन्छ । त्यहाँका स्थानीय मानिसहरुले "साँच्चै नै हाम्रो टोल त हामी आफैं सफा गर्नु पर्छ नि, हैन ?" भन्ने टिप्पणी गरिरहेको प्रसंगबाट यस कुराको पुष्टी हुन्छ । त्यसका साथै अर्को के कुरा प्रष्ट हुन्छ भने यदि यस्ता पिछडिएका बस्तीहरुमा कुनै संघ संस्था वा निकायहरुको सानो सहयोग पुऱ्याएको खण्डमा जनचेतना अभिबृद्धि गराउन सकिन्छ । यस कार्यक्रमलाई एकीकृत शहरी विकास केन्द्र र मध्यपुर थिमि नगरपालिकाले सहयोग पुऱ्याएको थियो ।



कार्यक्रममा बालबालिका उत्साह



स्थानीय बासिन्दा ढल सफा गर्दै



कार्यक्रममा महिला सहभागिता

## अनुभव आदान प्रदानको लागि स्थलगत भ्रमण

मिति २०६२/६/१६ गते एकीकृत शहरी विकास केन्द्रद्वारा टिगनी समुदायका बासिन्दाहरुलाई विभिन्न ठाउँहरुमा स्थलगत भ्रमणको आयोजना गरिएको थियो । तालिम कोठाको व्याख्यान् भन्दा प्रत्यक्ष हेरेर र प्रयोग गरिरहेका मानिसहरु बिच छलफल गरेर बढी कुराहरु बुझ्न र सिक्न सकिन्छ भन्ने अभिप्राय: ले यो भ्रमण आयोजना गरिएको थियो यस भ्रमणमा टिगनी समुदायका जम्मा चौतिस जना सहभागीहरु (११ जना महिला हरु र २३ जना पुरुषहरु)को सहभागिता थियो । उक्त भ्रमण कार्यक्रममा थेचो, झटापोल, खोकना र गोदावरी गरि ४ ठाउँमा भ्रमण गराइएको थियो । यो भ्रमण ललितपुरको ठेचोबाट सुरु गरिएको थियो । थेचोमा टिगनी बासीहरुले घरबाट उत्पादन हुने फोहरलाई घरेलु तरिकाले कसरी तह लगाउन सकिन्छ

### समुदायको भनाइ १

*निल बहादुर खड्काले पहिले देखि नै सार्वजनिक धारा प्रयोग गरिराख्नुभएको छ जसको मर्मत संभार एकीकृत शहरी विकास केन्द्रद्वारा गरिएको छ । उहाँको भनाइ अनुसार वर्षाको समयमा धारासम्म पुग्न निकै गाह्रो हुन्थ्यो, खुट्किलामा लेउ लागेको हुनाले बाटो चिप्लो थियो र हिंड्दा लडिन्थ्यो । उहाँ भन्नुहुन्छ "अहिले यो मर्मत संभार पछि हामी जस्ता बुढापाकालाई धारासम्म पुग्न निकै सजिलो भएको छ र यसको वरपरको वातावरण पनि पहिलेको दाजोमा सफा छ । पहिले देखि नै यहाँ धेरै मानिसहरु (महिला, पुरुष दुवै ) नुहाउन र लुगा धुन आउँछन् । मेरो विचारमा यदि यहाँ महिला र पुरुषलाई छुट्टा छुट्टै नुहाउने ठाउँ भए अझै राम्रो हुन्छ होला किनकी खुल्ला भएकोले नुहाउनको लागि महिलाहरु अलि हिचकिचाउने गर्छन्" । खड्काजीको विचार अनुसार यसलाई अझ सुधार गर्न सकिने कुरा देखिन्छ ।*

भन्ने कुरा प्रत्यक्ष अवलोकन गरे र आफ्ना जिज्ञासाहरु मल बनाइहेका थेचो बासीहरुसँग सोधे अनि घरेलु फोहरबाट पनि राम्रो मल बन्दो रहेछ भन्ने सकारात्मक विचार प्रकट गरे । त्यसपछि थेचोबाट फड्को मार्दै भ्रमण पाटनको झटापोल स्थित "लुजःमिसा पुचः" मा पुऱ्याइएको थियो। उक्त स्थानमा लुज मिसा पुचः का महिला दिदीबहिनीहरु र टिगनी समुदायका सहभागीहरु बीच बचत समुह र सहकारी सम्बन्धी विचार र अनुभवहरु आदान प्रदान गरिएको थियो । उक्त ठाउँमा महिलाहरु मात्रले पनि सुचारु रुपले बचत समुह संचालन गरि रहेको देखे पछि टिगनी समुदायका महिलाहरु निकै नै उत्साही भएको पाइयो। कतिपयले आफ्नो आत्मविश्वास बढेको कुरा पनि व्यक्त गरेका छन्। यस भ्रमण पछाडी भ्रमण टोलीलाई खोकनामा लगिएको थियो । त्यहाँ टिगनी बासीहरुले मल चर्पीका विभिन्न किसिमका नमुनाहरु अवलोकन गरे र मल चर्पीका बारे विविध जानकारीहरु लिए। मल चर्पी अवलोकन गर्ने क्रममा टिगनीका महिला दिदी बहिनीहरु चासो लिंदै जिज्ञासाहरु राख्दै थिए र यदि मल चर्पीको सही प्रयोग गरेमा



स्थलगत भ्रमण टोलीको समूह फोटो

## के तपाईंलाई थाहा छ ?

- *१.१ अर्ब मानिसहरु लगभग १७ % विश्वको जनसंख्याले सुधारिएका पानीका श्रोतहरुको ( जस्तै- नीजी धारा,सुरक्षित इनार र कुवा, सार्वजनिक धाराहरु, वर्षाको पानी संकलन प्रविधि) सुबिधा पाउनबाट बन्चित छन्।*
- *२.६ अर्ब मानिसहरु लगभग ४२ % विश्वको जनसंख्या आधारभुत सरसफाईको (जस्तै-चर्पी आदि) सुबिधाबाट बन्चित छन् ।*
- *१.१ अर्ब मानिसहरु (जसले सुधारिएका पानीका श्रोतहरु पाइरहेका छैनन्) यसको २/३ भाग एसियामा बसोबास गरिरहेका छन् ।*
- *१.८ करोड मानिसहरु हरेक वर्ष झाडापखाला रोगबाट मरिरहेकाछन् ।*

कृषि प्रयोजनको लागि धेरै मात्रामा मल उपलब्ध भइ दिसा पिसाब जस्ता खेर जाने पदार्थको पनि सदुपयोग हुने कुरा व्यक्त गरेका थिए। त्यसपछि स्थलगत भ्रमणको अन्तिम स्थल गोदावरी लगिएको थियो । उक्त ठाउँमा टिगनी बासीहरुले विविध प्रकारको च्याउको खेती बारे अवलोकन गरे र साथसाथै त्यसका विधि बारे जानकारी पनि लिएका थिए। यस भ्रमणमा पुरुषहरु निकै उत्साही भएर जिज्ञासाहरु सोधिरहेका थिए । उनीहरुले च्याउ खेती सम्बन्धी तालिमको अपेक्षा पनि गरेका थिए र कतिपयले तालिम प्राप्त भएको खण्डमा व्यवसायको रुपमा लान सकिने कुरा पनि व्यक्त गरेका थिए।

## समुदायको भनाइ २

*कल्पना राजबाहक पहिले देखि कुवा (गाः बुँगाः*) को पानी प्रयोग गर्थे र अहिले पनि गरिराखेका छन् । उहाँको भनाइ अनुसार "गाः बुँगाःको पुनः निर्माण हुनुभन्दा अगाडि, यस क्षेत्र वरपर फोहर हुने र वरपरको वातावरण दुषित रहन्थ्यो। पहिला कुवासम्म पुग्न निकै गाह्रो हुन्थ्यो किनभने हिंड्ने बाटो साह्रै चिप्लो हुने र घाँसपातले भरिएको हुन्थ्यो। त्यस कारण कमै मानिसहरुले गाः बुँगाःको पानी प्रयोग गर्थे। तर अहिले यसको पुनः निर्माण पश्चात, कुवासम्म पुग्न निकै सजिलो भएको छ र यहाँको पानी प्रयोग गर्ने मानिसहरुको संख्या पनि बढ्न थालेको छ र यसको साथ साथै पानीको तह पनि बढेको छ। साँचै भन्नुपर्दा एकीकृत शहरी विकास केन्द्रको यो राम्रो प्रयासले गर्दा हामीलाई पानीको आपूर्ति सजिलै भइरहेको छ "।*

** गाःबुगाः- पुनः निर्माण गरिएको कुवालाई स्थानीय नाम दिइएको*

## टिगनी सामुदायिक विकास समितिका पदाधिकारीहरुः

**अध्यक्ष** - सुन काजी राजबाहक
**उपाध्यक्ष** - राम कृष्ण राजबाहक
**सचिव** - दिनेश राजबाहक
**उपसचिव** -सुरोज राजबाहक
**कोषध्यक्ष** - बिनोद राजबाहक

**सदस्यहरु**

| | |
|---|---|
| सानु काजी राजबाहक | धन मैजु राजबाहक |
| गणेश माया राजबाहक | चन्द्र माया राजबाहक |
| सन्तु राजबाहक | दिल माया राजबाहक |

**सल्लाहकारहरु**

| | |
|---|---|
| हरि शरण राजबाहक | हरि भक्त राजबाहक |
| गोबिन्द राजबाहक | हरि चन्द्र राजबाहक |

## सहमती पत्रमा हस्ताक्षर

*एकीकृत शहरी विकास केन्द्रले मध्यपुर थिमि नगरपालिकाको पूर्व मेयर, उपमेयर र कार्यकारी अधिकृतको उपस्थितिमा टिगनी समुदायका बासिन्दाहरुसँग छलफल कार्यक्रम संचालन गरिएको थियो। सो कार्यक्रममा एकीकृत शहरी विकास केन्द्रले टिगनी समुदायमा गर्न लागेको विकास निर्माणका कार्यहरु बारे प्रष्ट्याएको थियो। उक्त बैठकको सहमती अनुरुप २०६२ साल असार ५ गतेका दिन मध्यपुर थिमि नगरपालिका र एकीकृत शहरी विकास केन्द्र बिच टिगनीको विकासमा सहयोग पुऱ्याउन सहमती पत्रमा हस्ताक्षर गरिएको थियो।*